# सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका – २०७१

नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७१/१०/२५ गते को निर्णयवाट स्वीकृत

## कृषि विकास मन्त्रालय

माघ, २०७१

# सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका – २०७१

## १. पृष्ठभुमी

दूधमा आधारित उद्योगहरुको संख्यामा क्रमिक रुपमा भईरहेको वृद्धि तथा दूध र दुग्ध पदार्थहरुको उपभोग समेत दिनानुदिन बढ्दै गएको सन्दर्भमा दूधको वर्तमान आपूर्तिको अवस्थामा तीब्रतर वृद्धिको लागि उत्पादनशील तथा उच्च उत्पादकत्व भएका दूधालु गाई भैंसीको संख्यामा वृद्धि हुनुपर्ने देखिन्छ । नेपाल सरकारको आ.व. २०६८/०६९ को बजेट बक्तब्य मार्फत लागु भएको पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान अभियान कार्यक्रम सञ्चालन हुँदा आधार बर्षको कृत्रिम गर्भाधान वृद्धिदर ८.५६ प्रतिशतलाई आधार मान्दा आ.व.२०६९/०७० र आ.व. २०७०/२०७१ सम्म कृत्रिम गर्भाधानको संख्या क्रमशः १६.०७ र १८.९५ प्रतिशतसम्म वृद्धि भएको देखिन्छ । आ.व. २०६९/०७० मा कृत्रिम गर्भाधानको संख्या ४३.८८ प्रतिशतले वृद्धि भई ३७४३२९ गाईभैंसीमा कृत्रिम गर्भाधान पुऱ्याइएको देखिन्छ । त्यसैगरी आ.व. २०७०/२०७१ मा कुल कृत्रिम गर्भाधानको संख्या ४४५२५४ पुगेको छ । कृत्रिम गर्भाधान राष्ट्रिय अभियान कार्यक्रमको पहिलो, दोश्रो र तेश्रो बर्षहरुमा उन्नत पाडा एवं बाच्छीहरुको उत्पादन भै क्रमशः ६३ हजार, ८४ हजार र १ लाख २० हजार स्वदेश मै आपूर्ति भएको अनुमान गरिएको छ ।

“दूध उत्पादनका मुख्य आधार कृत्रिम गर्भाधानद्धारा नश्ल सुधार” मुख्य नाराका साथ सञ्चालन भएको अभियान कार्यक्रमको मुख्य समस्या पर्याप्त परिमाणमा तरल नाईट्रोजन आपूर्ति नहनु नै हो । आ.व. २०६९/०७० मा ६० जिल्लाहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्दा तथा ४,२५,००० डोज जमेको बीर्य उत्पादन गर्दा १,०६,००८ लीटर तरल नाइट्रोजन आपूर्ति भएको देखिन्छ । त्यस्तै गत आ.व. २०७०/२०७१ मा तरल नाइट्रोजनको कुल खपत १५२४०७ लीटर भएको छ जसमध्ये १३५८८१ लीटर खरीद गरिएको छ भने १६५२६ लीटर साना सरकारी स्तरमा सञ्चालित प्लान्टहरुबाट उत्पादन भएको देखिन्छ । यस आ.व. मा कुल ६१ जिल्लाहरुमा ८८१ कृत्रिम गर्भाधान केन्द्रहरुबाट १०६० कृत्रिम गर्भाधानकर्ताहरुद्धारा सेवा सञ्चालन गर्दा कम्तीमा १,५०,००० कृषक परिवारहरुमा सेबा पुग्ने देखिन्छ । वर्षेनी सेवा पुऱ्याइने कृषक परिवारको संख्यामा वृद्धिका साथै तरल नाइट्रोजनको मागमा समेत उल्लेखनीय वृद्धि हुने क्रमलाई ठोस कार्ययोजना सहितको कार्यक्रमबाट सम्बोधन नगरी आगामी वर्षहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्न नै समस्या पर्ने देखी आ.व. ०७०/७१ मा नेपाल सरकारको बजेटबाट, कृषि विकास मन्त्रालय, पशु सेवा विभाग र पशु उत्पादन निर्देशनालयमा विभिन्न मितिमा भएको छलफलबाट आएको निचोड र निर्णयानुसार, सार्वजनिक नीजि अवधारणामा तरल नाइट्रोजनको प्लान्ट स्थापना तथा सञ्चालन गर्ने कार्यक्रम स्वीकत भै नेपाल सरकारकै स्वामित्वमा तरल नाइट्रोजन प्लान्ट रहने गरी प्लान्ट सञ्चालनका लागि सार्वजनिक नीजि अवधारणामा प्लान्ट सञ्चालन गर्ने गरी आ.व. २०७०/७१ मा प्लान्टका लागि आवश्यक पर्ने मेशिनरी औजार खरिद भै आ.व. २०७१/७२ मा प्लान्ट जडान गर्ने कार्य प्रक्रियागत रुपमा अगाडी बढिरहेको सन्दर्भमा सहकार्यमा तरल नाइट्रोजन प्लान्ट सञ्चालन, तरल नाइट्रोजन उत्पादन तथा वितरणका लागि निश्चित मापदण्ड, प्रक्रिया, विधि तथा विधान आदिलाई समेटी **“सहकार्यमा तरल नाइट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका- २०७१”** जारी गरिएको छ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका -२०७१" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार कृषि विकास मन्त्रालय( मा. मन्त्रीस्तर)बाट स्विकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "निर्देशिका" भन्नाले "सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका -२०७१" सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले सहकार्यमा तरल नाइट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) "सेवा" भन्नाले तरल नाइट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन सेवा सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ८ (१) बमोजिम गठित तरल नाइट्रोजन प्लान्ट सञ्चालन, उत्पादन र आपूर्ति व्यवस्थापन समन्वय समिति सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) गाई तथा भैसीमा कृत्रिम गर्भाधान सेवाद्धारा बर्णशंकर बाच्छा बाच्छी तथा पाडापाडी उत्पादन गर्न दिगो रुपले नीजी, सहकारी, गैरसरकारी तथा सरकारी क्षेत्रको सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन र आपूर्ति व्यवस्थापन गर्ने ।

(ख) सुलभ र सहज तरिकाले तरल नाईट्रोजनको आपूर्ति गरी गैह्र सरकारी तथा नीजि क्षेत्रका तालिम प्राप्त कृत्रिम गर्भाधानकर्ताहरुलाई कृत्रिम गर्भाधान सेवामा आकर्षित गरी कृत्रिम गर्भाधान सेवामा विस्तार तथा रोजगारीको अवसरहरुको सिर्जना गर्ने ।

(ग) कृत्रिम गर्भाधान सेवासँग सम्बन्धित तरल नाईट्रोजन लगायतका आवश्यकीय सामाग्रीहरुको आपूर्ति तथा व्यवस्थापनमा गैह्र सरकारी तथा नीजि क्षेत्रलाई आकर्षित गराई सरकारी भूमिकालाई क्रमशः कम गर्दै सरकारी क्षेत्रले विशेष गरी नियमन गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा अगाडी बढाउँदै लैजाने ।

(घ) कृत्रिम गर्भाधान सेवा विस्तार गरी दूध तथा मासुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

४. **रणनीतिः** कार्यक्रमको उद्देश्य प्राप्तिको लागि देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् :

(क) यस कार्यक्रमले समुदायमा आधारित दूध उत्पादक सहकारी संस्था, स्थानीय निकाय तथा सरोकारवाला र अन्य गैह्र सरकारी र नीजि संघ/संस्थाहरुको सहयोग तथा सहकार्यमा नीजि, सहकारी तथा सरकारीको अवधारणामा नेपाल सरकारद्धारा स्थापित तरल नाइट्रोजन

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

प्लान्टको सञ्चालन, उत्पादन तथा आपूर्ति कार्य द्विपक्षिय/बहुपक्षिय समझदारीमा व्यवस्थापन गर्ने ।

(ख) उन्नत तथा वर्णशंकर दूधालु गाईभैंसीहरुको संख्याको आधारमा गा.वि.स., वार्डहरु वा निश्चित क्षेत्रफल समेट्ने गरी सामुदायिक पशु प्रजनन् केन्द्रको स्थापना गरी आवश्यकता अनुसार योग्यता पुगेका व्यक्तिहरुलाई कृत्रिम गर्भाधान तथा पशु प्रजनन्को तालिम दिलाएर लाइसेन्सको व्यवस्था मिलाई प्रभावकारी कृत्रिम गर्भाधान सेवाको सुनिश्चित गर्ने ।

(ग) कृत्रिम गर्भाधानसँग सम्बन्धित तरल नाइट्रोजन लगायतका आवश्यकीय सामाग्रीहरुको वितरण, सञ्चय तथा व्यवस्थापनको जिम्मेवारी क्रमश: गैह्र सरकारी तथा निजी क्षेत्रलाई क्रमिक रुपमा हस्तान्तरण गर्दै जाने ।

(घ) नेपाल सरकारले आवश्यक ठानेमा नेपालको विभिन्न स्थानहरु (पोखरा, चितवन, लाहान तथा नेपालगञ्ज, आदि) मा थप तरल नाइट्रोजन प्लान्ट स्थापना गरी सहकार्यमा तरल नाइट्रोजनको उत्पादन तथा आपूर्ति व्यवस्थापन गर्न आवश्यक पहल गर्ने ।

(ङ) कृत्रिम गर्भाधान सेवाको संख्या र क्षेत्र विस्तारबाट उत्पादित उन्नत तथा वर्णशंकर पशुवस्तुहरुको संख्यामा उल्लेखनीय वृद्धि ल्याई दूध तथा दुग्धजन्य पदार्थ र मासु उत्पादनमा आधारित व्यवसायहरुलाई व्यावसायीकरण गर्न प्रोत्साहन गर्ने ।

(च) पशुपालन तथा दुग्ध उत्पादनसँग सम्बन्धित सरोकारवाला सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रहरुको क्षमतामा वृद्धि गराई तरल नाईट्रोजन प्लान्ट स्थापना, सञ्चालन, उत्पादन तथा वितरण व्यवस्थालाई क्रमिक रुपमा हस्तान्तरण गर्दै जाने ।

## परिच्छेद २

## कार्यक्रम सम्बन्धी

**५. कार्यक्रमको अवधि:**

(क) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनमा प्लान्ट स्थापना भई उत्पादन सुरु भएपछि कम्तीमा १० बर्षसम्म निरन्तर सञ्चालन गर्नु पर्नेछ ।

(ख) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन करारमा दिंदा समितिको निर्णय अनुसार कम्तिमा २ वर्षदेखि बढीमा ५ वर्षसम्मको अबधि हुनेछ ।

(ग) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनको प्रथम चरणको व्यवस्थापनको आधारमा सन्तोषजनक देखिएमा समितिले आवश्यकता अनुसार म्याद थप्न सक्नेछ । एकपटकका लागि बढीमा २ वर्षका लागि म्याद थप गर्न सक्नेछ । तरल नाइट्रोजन वितरण र ढुवानी सेवा आवश्यकता अनुसार सहकार्यमा सञ्चालन गर्नुपरेमा समितिको निर्णयानुसार कम्तीमा ३ बर्षदेखि ५ बर्षसम्मको हुनेछ ।



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

६. **कार्यक्रमको कार्यान्वयन :**

(१) सरकारी स्वामित्वमा पहिलो चरणमा पोखरामा स्थापना हुने/भएको तरल नाइट्रोजन प्लान्टबाट उत्पादन हुने तरल नाइट्रोजनको आपूर्ति सोही स्थानबाट गर्नुपर्नेछ । यस प्रयोजनका लागि नेपालका विभिन्न स्थानमा आपूर्ति गर्नुपर्ने तरल नाईट्रोजनको भण्डारण व्यवस्थापन छनौट भएको गैह्र सरकारी तथा नीजि संघ संस्था वा फर्मले नै गर्नु पर्नेछ ।

(२) पोखरामा सहकार्यमा सञ्चालित तरल नाईट्रोजन प्लान्टबाट उत्पादित तरल नाईट्रोजनले देशको आवश्यकतालाई पूर्ति गर्न नसक्ने भएमा पशु उत्पादन निर्देशनालय/राष्ट्रिय पशु प्रजनन् केन्द्रले नपुग भएको परिमाणको तरल नाईट्रोजन प्रचलित खरिद प्रक्रिया अपनाई खरिद तथा वितरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका बाहेक थप तरल नाइट्रोजन प्लान्ट स्थापना भएमा वा मर्मत भई सञ्चालनमा आएमा सोबाट उत्पादित तरल नाइट्रोजन आपूर्ति व्यवस्थापन समेत यसै निर्देशिका अनुसार गर्न सकिनेछ ।

(४) प्रचलित ऐन र नियमानुसार प्रतिस्पर्धी रुपमा सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान गर्दा सन्तोषजनक प्रस्ताव प्राप्त नभएमा वा कसैबाट पनि प्रस्ताव पेश नभएमा स्थापित तरल नाइट्रोजन प्लान्टको सञ्चालन, उत्पादन तथा वितरण कार्यको जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

७. **सहकार्य गर्ने संस्था/निकायको छनौट गर्ने आधार**

(१) सहकार्यको लागि नीजी, सहकारी तथा गैरसरकारी संस्था छनौटका आधारहरु

क) सहकार्यमा तरल नाइट्रोजन उत्पादन, वितरण तथा आपूर्ति व्यवस्थापनकालागि संस्था/निकाय छनौट गर्दा ईच्छुक नीजी, सहकारी, कम्पनी, समुह/समिति, आदिलाई समान रुपमा अवसर प्रदान गरिने छ ।

ख) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गर्ने प्रस्तावक संस्थाबाट कुशलतापूर्वक व्यवसाय सञ्चालन गर्न सक्ने प्रयाप्त आधारहरुको प्रत्याभूति दिनुपर्नेछ ।

ग) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने संस्थासंग पर्याप्त पुँजीको व्यवस्था भएको हुनु पर्नेछ ।

घ) उत्पादित तरल नाइट्रोजनको आवश्यकता अनुसारको सञ्चयको व्यवस्था र वितरणको व्यवस्थापन गर्न सक्ने क्षमता हुनु पर्नेछ ।

ङ) दफा ८ अनुसार गठित समितिको सहमति लिई तरल नाइट्रोजन सञ्चय तथा वितरणको लागि राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरामा रहेको कन्टेनर तथा टयाङ्करको मर्मत गरी उपयोगमा ल्याउन सक्नेछ ।

च) समितिले सहकार्य गर्ने संस्था वा निजी क्षेत्रलाई करारमा गरिने व्यवस्थापन छनौट गर्दा आर्थिक तथा प्राविधिक दुवै पक्षको सारभूत मुल्यांकन गरी निर्णय गर्नेछ । यसरी छनौट



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

गर्ने/या नगर्ने या आंशिक रुपको कार्यका लागि छनौट गर्ने/नगर्ने अधिकार समितिमा निहित रहनेछ ।

छ) कार्यक्रम सञ्चालन हुने स्थानमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, सञ्चय र वितरणका लागि आवश्यक पर्ने सडक, बिजुली र पानीको व्यवस्था नेपाल सरकारबाट गरिनेछ । विद्युत आपूर्ति नभएको अवस्थामा वैकल्पिक व्यवस्था छनौट भएको सम्बन्धित साझेदार पक्षले गर्नु पर्नेछ ।

ज) नयाँ प्लान्ट स्थापना गर्नुपर्ने अवस्थामा प्लान्ट सञ्चालन हुने स्थानको भौतिक पूर्वाधारहरु खास गरी प्लान्ट राख्न सक्ने भवनको ब्यबस्था वा प्लान्ट स्थापना हुन अगावै सो को व्यवस्था गर्ने दायित्व नेपाल सरकारको हुनेछ । यस प्रकारको स्थान तथा सुविधाहरुको निक्यौल गर्दा कृत्रिम गर्भाधान कार्यक्रम सफलतापुर्वक सञ्चालन भैरहेको जिल्लाहरुबाट पायक पर्ने स्थानमा हुनुपर्नेछ ।

## ८. <u>सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन केन्द्रिय समन्वय सामितिः</u>

(१) कार्यक्रमको नीतिगत व्यवस्था गर्न देहाय वमोजिमको पदाधिकारी रहेको केन्द्रियस्तर नाइट्रोजन समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) महानिर्देशक, पशु सेवा विभाग | संयोजक |
| (ख) कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | सह-संयोजक |
| (ग) कार्यक्रम निर्देशक, पशु स्वास्थ्य निर्देशनालय | सदस्य |
| (घ) कार्यक्रम निर्देशक, पशु सेवा तालीम तथा प्रसार निर्देशनालय | सदस्य |
| (ङ) कार्यक्रम निर्देशक, पशु पंछी बजार प्रवर्द्धन निर्देशनालय | सदस्य |
| (च) प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | सदस्य |
| (छ) अधिकृत प्रतिनिधी, अनुगमन तथा मुल्याकंन महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| (ज) अधिकृत प्रतिनिधी, अनुगमन तथा मुल्यांकन शाखा, पशु सेवा विभाग | सदस्य |
| (झ) प्रमुख, केन्द्रिय गाई भैसी प्रवर्द्धन कार्यालय | सदस्य |
| (ञ) प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद, पशु प्रजनन महाशाखा | सदस्य |
| (ट) कार्यक्रम फोकल अधिकृत, पशु उत्पादन निर्देशनालय | सदस्य |
| (ठ) लाइभस्टक विशेषज्ञ, दुग्ध विकास बोर्ड | सदस्य |
| (ड) प्रमुख प्राविधिक अधिकृत, दुग्ध विकास संस्थान | सदस्य |
| (ढ) अध्यक्ष, केन्द्रिय दुग्ध सहकारी संघ | सदस्य |
| (ण) प्रतिनिधी (विभागले तोकेको) डेरी उद्यमीहरु मध्येबाट | सदस्य |
| (त) अध्यक्ष, नेपाल पाराभेटेरीनरी एण्ड लाइभस्टक एसोसिएसन | सदस्य |
| (थ) प्रमुख, राष्ट्रिय पशु प्रजनन केन्द्र | सदस्य-सचिव |



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिको बैठकमा सम्बन्धित विज्ञ तथा आवश्यकता अनुसारका व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

९. **समितिको काम, कर्तव्य तथा अधिकार:** समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन्:

(क) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनको समग्र संयोजन गर्ने ।

(ख) कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने श्रोतको व्यवस्था गर्ने,

(ग) कार्यक्रमलाई सफल पार्न विभिन्न निकायहरु वीच समन्वय गरी सेवा प्रवाहमा सहजता प्रदान गर्ने,

(घ) कार्यक्रमको आवधिक रुपमा अनुगमन तथा समिक्षा गरी आवश्यक पृष्ठपोषण दिने,

(ङ) कार्यक्रमको लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

(च) समितिको सचिवालयराख्ने कार्यालय समितिले तोके वमोजिम हुनेछ र यसको व्यवस्थापन पनि सोही समितिले गर्नेछ ।

## परिच्छेद ३

## सेवा सञ्चालन सम्बन्धी

१०. **सेवा सञ्चालन प्रक्रिया:**

यस कार्यक्रमको लागि सेवा सञ्चालन गर्ने प्रकृया देहाय बमोजिम हुनेछ:

(क) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन करारमा दिंदा सो मा लाग्ने सम्पुर्ण खर्चको निर्क्यौल गरी प्रति लीटरको मुल्य तोक्ने तथा समय सापेक्ष परिमार्जन गर्ने काम सम्बन्धित साझेदारको आधिकारीक प्रतिनिधि समेतको सहभागितामा समितिले तोकको उप समिति बनाई उक्त समितिको सिफारिशमा केन्द्रिय तरल नाइट्रोजन आपूर्ति समन्वय समितिले गर्नेछ । यस प्रयोजनको लागि देहाय बमोजिमको उपसमिति रहने छ ।

| | | |
|---|---|---|
| (१) | प्रमुख, राष्ट्रिय पशु प्रजनन् केन्द्र | संयोजक |
| (२) | प्रमुख, केन्द्रिय गाईभैंसी प्रवर्द्धन कार्यालय | सदस्य |
| (३) | साझेदार संस्थाको आधिकारीक प्रतिनिधि | सदस्य |
| (४) | अधिकृत प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| (५) | वरिष्ठ पशु विकास अधिकृत (सम्बन्धित कार्यक्रमको फोकल अधिकृत), पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

(ख) तरल नाइट्रोजन वितरण तथा सञ्चय (Stationary tanks) को जिम्मेवारी आवश्यकता, साधन र श्रोतको क्रमशः नीजी तथा गैरसरकारी क्षेत्रलाई हस्तान्तरण गर्ने प्रक्रियाको थालनी गरिनेछ ।

(ग) **प्रस्ताव आह्वान** : सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन प्रचलित नियम कानुनको अधिनमा रही राष्ट्रिय दैनिक पत्रिकामा प्रतिश्पर्धी बोलपत्रको आह्वान सम्बन्धी सूचना प्रकाशन गरिने छ ।

## ११. जिल्ला तरल नाइट्रोजन आपूर्ति समन्वय समितिः

(१) सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालन प्रभावकारी बनाउन देहाय बमोजिमको जिल्ला तरल नाइट्रोजन आपूर्ति समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला पशु सेवा कार्यालय | संयोजक |
| (ख) जिल्ला पशु सेवा कार्यालयका सम्बन्धित अधिकृत | सदस्य |
| (ग) अधिकृत प्रतिनिधी, जिल्ला विकास समिति | सदस्य |
| (घ) अध्यक्ष, जिल्ला दुग्ध सहकारी संघ/संस्था | सदस्य |
| (ङ) प्रतिनिधी, निजी कृत्रिम गर्भाधानकर्ता | सदस्य |
| (च) जिल्ला पशु सेवा कार्यालयका सम्बन्धित फोकल अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) वमोजिमको समितिले आवश्यकतानुसार बढीमा ३ जनासम्म सम्बन्धित क्षेत्रका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैंठक आवश्यकता अनुसार बस्नेछ ।

## १२. तरल नाइट्रोजन आपूर्तिको लागि अनुदानको व्यवस्था :

(१) सरकारी/सामुदायिक/सहकारी/निजी पशु प्रजनन केन्द्र/कृत्रिम गर्भाधान केन्द्रहरुको दिगो सञ्चालनको लागि प्रत्येक जिल्ला पशु सेवा कार्यालयमा तरल नाइट्रोजन आपूर्तिको लागि सरकारी अनुदानको व्यवस्था गरिनेछ । सरकारी स्तरवाट उपलब्धहुने अनुदानवाट खरिद गरिएको तरल नाइट्रोजनको वितरण व्यवस्था कार्य प्रकृतिको आधारमा समानुपातिक रुपमा सरकारी/सामुदायिक/ सहकारी तथा निजी पशु प्रजनन् केन्द्रमार्फत सम्बन्धित कृत्रिम गर्भाधानकर्ताहरुलाई वितरण व्यवस्थापन गर्ने जिम्मेवारी जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

(२) उपदफा (१) वमोजिमको नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम वाहेक जिल्लाको आवश्यकता अनुसार तरल नाईट्रोजन खरिदका लागि देहाय बमोजिमको रकम प्रयोग गर्न सकिनेछ ।



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

(क) सामुदायीक पशु प्रजनन केन्द्र रहेको सम्बन्धित गा.वि.स. बाट प्राप्त हुने रकम,

(ख) दुग्ध उत्पादक सहकारी संस्था/वन उपभोक्ता समुह, स्थानीय निकाय तथा सरोकारवाला अन्य संघ/संस्थाहरुबाट प्राप्त गर्ने रकम,

(ग) स्वदेशी तथा विदेशी, सरकारी तथा गैह्र सरकारी दातृ निकायहरुबाट प्राप्त हुने रकम,

(घ) सम्बन्धित सामुदायिक पशु प्रजनन् समितिका सदस्यहरु र उपभोक्ता कृषक समूह/समितिबाट संकलन हुने रकम,

(ङ) जिल्ला तरल नाइट्रोजन आपूर्ति समन्वय समितिले निर्णय गरेबमोजिम कृत्रिम गर्भाधानकर्ताहरुबाट कृत्रिम गर्भाधान शुल्क वापत प्राप्त हुने निश्चित प्रतिशत रकम,

(च) अन्य सम्भावित श्रोतहरु

(३) स्थानिय स्तरमा सेवा सञ्चालन गर्न तथा दफा १२ को उपदफा १ बमोजिमको रकमहरु परिचालन गर्न देहाय अनुसारको सामुदायिक पशु प्रजनन केन्द्र सञ्चालक समितिले नै तरल नाइट्रोजन आपुर्ति समितिको रुपमा कार्य गर्ने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष/सचिव/कोषाध्यक्ष, सहकार्य गर्ने संस्था | संयोजक |
| (ख) प्रतिनिधी, स्थानिय निकाय | सदस्य |
| (ग) प्रमुख, सम्बन्धित पशु सेवा केन्द | सदस्य |
| (घ) प्रतिनिधी, कृषक समुह/समिति/सहकारी | सदस्य |
| (ङ) कृत्रिम गर्भाधानकर्ताहरु मध्येबाट तोकिएको प्रतिनिधि | सदस्य सचिव |

१३. **सेवा शुल्क नलाग्ने:** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी कार्यालय तथा निकायबाट सरकारी कार्यालय तथा निकायको परिसरमा कृत्रिम गर्भाधान सेवा प्रदान गर्दा सेवा प्रदायकले नियमानुसारको राजश्व रकम बाहेक अन्य कुनै पनि प्रकारको सेवा शुल्क लिन पाउने छैन ।

१४. **सेवा सञ्चालन अनुगमन तथा मुल्याकंन:** कार्यक्रमको सञ्चालन एवं प्रभावकारिताको बारेमा जिल्ला पशु सेवा कार्यालय,क्षेत्रीय पशु सेवा निर्देशनालय, राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु उत्पादन निर्देशनालय, पशु सेवा विभाग र कृषि विकास मन्त्रालय समेतले आपसी समन्वय गरी आवधिक रुपमा सेवा सञ्चालनको अनुगमन गरी सो को प्रतिवेदन पशु उत्पादन निर्देशनालय र पशु सेवा विभाग र कृषि विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१५. **कार्यक्रममा संलग्न निकायहरुको भूमिका:** कार्यक्रम सञ्चालनको क्रममा संलग्न विभिन्न निकायहरुको भूमिका तथा दायित्व अनुसुचि ३ मा उल्लेख गरिएको छ । त्यस्तो दायित्व पूरा गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१६ **निर्देशिकाको व्याख्या:** कार्यक्रम कार्यान्वयनको सिलसिलामा यस निर्देशिकाको कुनै प्रावधानले कुनै बाधा अडचन आएमा वा निर्देशिकाले स्पष्ट रुपमा व्यवस्था नगरेमा त्यसको व्याख्या गर्ने तथा स्पष्ट गर्ने अधिकार समितिमा निहित रहनेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद ४

## विविध

१७ **अनुगमन तथा मूल्याकंन व्यवस्था :** कृषि विकास मन्त्रालय, पशुसेवा विभाग, क्षेत्रीय पशुसेवा निर्देशनालयहरु, राष्ट्रिय कार्यक्रमहरुवाट आवश्यकता अनुसार एवं सम्बन्धित निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरु वाट नियमित अनुगमन गरिने छ ।

१८ **कार्वाही को व्यवस्था** प्रस्ताव स्वीकृत भई सम्फौता गरिएको साफेदार संस्थावाट स्विकृत प्रस्ताव तथा सम्फौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम बाँकि सरह असुल उपर गरिनेछ ।

**१९ प्रचलित कानुन लागु हुने** सहकार्यमा तरल नाईट्रोजन प्लाण्ट सञ्चालन, उत्पादन, तथा आपुर्ति व्ययवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका - २०७१ कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको हकमा प्रचलित कानुनमा बमोजिम हुनेछ ।
यस निर्देशिकामा उल्लेख भएको अनुदान सम्वन्धी व्यवस्था नेपाल सरकारवाट तोकिएको आ.व.मा भएको वजेट उपलब्धता अनुसार हुनेछ । सबै कार्यक्रमहरु विनियोजित वजेट र स्विकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ ।

**२० निर्देशिका संशोधन परिमार्जन तथा खारेजी** केन्द्रिय समन्वय समितिवाट सिफारिस भए वमोजिम पशु उत्पादन निर्देशनालय मार्फत पशु सेवा विभागको सिफारिसमा यस निर्देशिकामा आवश्यकता अनुसार परिमार्जन, संशोधन तथा खारेजी गर्ने अधिकार निर्देशिका स्विकृत गर्ने निकायमा निहित रहनेछ ।

**२१ वहुवर्षे कार्यक्रमको सम्वन्धमा** २ वा सो भन्दा वढी आ.व.मा सञ्चालन हुने कार्यक्रमहरुको हकमा अर्को वर्षका लागि आर्थिक दायित्व नसार्न विनियोजित वजेटको परिधि भित्र रही कार्यक्रमहरु सञ्चालन गरिने छ । यस्ता कार्यक्रमको सन्दर्भमा आगामी आर्थिक वर्षमा नेपाल सरकारको प्राथमिकता, विनियोजित वजेटको उपलब्धता अनुसार आवश्यकता वमोजिम पुन सम्फौता गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२२ सहकार्यमा तरल नाईट्रोजन प्लाण्ट सञ्चालन, उत्पादन तथा आपुर्ति व्ययवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका-२०७१ को अधिनमा रहि कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्न सकिने छ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसुचि १

### कार्यक्रम सञ्चालन गरिने जिल्लाहरु

(१) **तरल नाइट्रोजन वितरण तथा आपूर्ति हुने जिल्लाहरु**

१.१ हाल कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालित तपसिलका ६१ जिल्लाहरु

(क) **पूर्वाञ्चल क्षेत्र** - इलाम, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, पांचथर, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, ओखलढुंगा, (१२ जिल्ला)

(ख) **मध्यमाञ्चल क्षेत्र** - धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, बारा, मकवानपुर, चितवन, धादिङ्ग, नुवाकोट, रसुवा, काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप (१९ जिल्ला)

(ग) **पश्चिमाञ्चल क्षेत्र** - नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, तनहूँ, कास्की, लमजुङ्ग, गोरखा, पर्बत, बागलुङ्ग, म्याग्दी, मुस्ताङ्ग, (१४ जिल्ला )

(घ) **मध्यपश्चिमाञ्चल क्षेत्र** - बाँके, बर्दिया, दाङ्ग, सुर्खेत, दैलेख, जुम्ला, रोल्पा, रुकम, सल्यान, प्युठान,(१० जिल्ला)

(ङ) **सुदुरपश्चिमाञ्चल क्षेत्र** - कैलाली, कञ्चनपुर, बैतडी, बझाङ्ग, डडेल्धुरा, डोटी (६जिल्ला)

१.२ आवश्यकता र सम्भाव्यताको आधारमा आगामी दिनहरुमा कृत्रिम गर्भाधान सेवा कार्यक्रम सञ्चालन गर्नका लागि थप हुने जिल्लाहरु

१.३ दफा १.१ र १.२ मा उल्लेखित जिल्लाका साथै विशिष्टीकृत रुपमा (एककालिन कृत्रिम गर्भाधान कार्यक्रम जस्तै) कृत्रिम गर्भाधान सेवा सञ्चालन गरी पशु नश्ल सुधार गर्न आवश्यक ठानिएका जिल्लाहरु

## अनुसुचि २

### तरल नाइट्रोजन वितरणका रुटहरु:

(१) तरल नाइट्रोजन वितरणका रुटहरु अनुसूची १ को १.१ मा उल्लेखित जिल्लाहरुलाई सरल र प्रभावकारी रुपले वितरण व्यवस्था हुने गरी केन्द्रीय समन्वय समिति र सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि छनौट भएका फर्म वा संस्थाको आपसी समझदारीमा तय गरिने छ।

(२) अनुसूची १ को १.२ र १.३ अनुसार थप हुने जिल्लाहरुको हकमा समेत अनुसुची २ को दफा १ मा उल्लेख भए अनुसार तय गरिने छ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसची ३

## कार्यक्रम सञ्चालनको सम्बन्धमा विभिन्न निकायको भूमिका तथा दायित्व

१. **कार्यक्रम सञ्चालक/सहकार्य गर्ने संस्था/कम्पनी/नीजी/सहकारी निकायको जिम्मेवारी:**

१. राष्ट्रिय पशु प्रजनन केन्द्रसँग भएको सम्झौता अनुरुप कार्यक्रम सञ्चालन गर्ने ।
२. तरल नाइट्रोजन उत्पादन गर्दा समितिले तोकेको गुणस्तर कायम गर्ने गरी उत्पादन, सञ्चय तथा वितरण व्यवस्था मिलाउने ।
३. समितिले तोकेको मूल्यमा सम्पुर्ण खर्च समावेश हुने भएकोले आपूर्ति तथा व्यवस्थापन गर्ने दायित्व छनौट भएको सम्बन्धित संघ संस्था/कम्पनी/नीजि वा सहकारीको हुनेछ ।
४. प्रति लीटर उत्पादन र आपूर्ति मुल्य तोकिसकेर सम्झौता भए पछि सरकारी पक्षले कुनै पनि आर्थिक भार व्यहोर्ने छैन ।
५. सहकार्य गर्ने पक्षले सम्झौता अनुसार ढुवानी तथा वितरणको कार्यसमेत गर्न सक्ने छ ।

२. **पशु सेवा केन्द्र/उप-केन्द्रको जिम्मेवारी:**

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका सामुदायिक पशु प्रजनन केन्द्र तथा निजी पाराभेट, पशु प्रजनन केन्द्रहरुको नियमित निरिक्षण, अनुगमन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने र जिल्ला तरल नाइट्रोजन आपूर्ति समन्वय समितिको निर्देशन बमोजिम तरल नाइट्रोजन आपूर्तिको व्यवस्थापन गर्नुपर्नेछ ।
२. कार्यक्रम सञ्चालन गर्न कुनै किसिमको अप्ठयारो आइपरे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समय मै खबर गर्ने ।
३. थप कृत्रिम गर्भाधान केन्द्र स्थापना गरी कार्यक्रम सञ्चालन गर्दा तरल नाइट्रोजनको आपूर्ति र रुट तय गर्न आवश्यक सल्लाह सुझाव दिने र जिल्ला समन्वय समितिको निर्णय अनुसार आबश्यक कार्यहरुको कार्यान्वयन गर्ने ।

३. **जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी:**

१. सामुदायिक पशु प्रजनन केन्द्र, नीजी तथा सरकारी कृत्रिम गर्भाधान केन्द्रहरु स्थापना हुन सक्ने सम्भावित गा.वि.स./स्थानहरुको सम्बन्धीत सरोकारवालाहरुसँगको छलफलबाट सूची तयार गरी जिल्ला पशु नश्ल सुधार समन्वय समितिबाट निर्णय गरी छनौट एवँ व्यवस्थापनको कार्य गर्ने ।
२. कृत्रिम गर्भाधानसँग सम्बन्धित मेशीन औजार तथा कृत्रिम गर्भाधान सामाग्रीहरु सम्बन्धित केन्द्रहरुलाई समयमानै उपलब्ध गराउने । सिजनल, पहाडी तथा दुर्गम जिल्लाहरुको हकमा तरल नाइट्रोजन व्यवस्थापन तथा सिमेन सञ्चयको लागि ड्राइ सिपरको व्यवस्थापनको जिम्मेवारी सम्बन्धित सरोकारवाला निकायको समन्वयमा गर्ने ।
३. तरल नाइट्रोजन आपूर्ति व्यवस्थापनका लागि दफा १२ को उपदफा २ वमोजिमको नेपाल सरकारको अनुदान लगायत अन्य श्रोत वाट प्राप्तहुने रकम वाट सरल र सहज तरिका वाट तरल नाइट्रोजन आपूर्तिको व्यवस्था मिलाई नियमित आपूर्तिको प्रत्याभूति गर्ने ।
४. केन्द्रहरुको प्रत्येक चौमासिकमा एक पटक अनिवार्य स्थलगत अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गर्ने तथा समय समयमा केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।
५. तरल नाइट्रोजनको आपूर्ति व्यवस्थापनबारे सम्बन्धित निकायहरुमा आवधिक रुपमा विवरण सहित जानकारी गराउने ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

४. **पशु प्रजनन कार्यालयहरुको जिम्मेवारी:**

१. आ-आफ्नो क्षेत्रको कृत्रिम गर्भाधान केन्द्र तथा जिल्ला पशु सेवा कार्यालयहरुलाई नियमित र सुलभ रुपमा तरल नाइट्रोजन र सिमेन उपलब्ध हुने व्यवस्था मिलाउने ।

२. समय समयमा आ-आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेका केन्द्रहरुको निरिक्षण अनुगमन गरी राष्ट्रिय पशु प्रजनन केन्द्र तथा पशु उत्पादन निर्देशनालयमा नियमित रुपमा प्रतिवेदन पठाउने ।

३. आफ्नो कार्यक्षेत्र अर्न्तगतका केन्द्रहरुलाई प्राविधिक सल्लाह सुझाव तथा कृत्रिम गर्भाधान सम्वन्धी परामर्श र आवश्यकता अनुसार समस्या समाधानको पहल गर्ने ।

४. आफ्नो कार्यक्षेत्रका जिल्ला वा स्थानहरुमा तोकिएको रुटहरुमा ढुवानी सुनिश्चित गरी सुलभ वितरण व्यवस्थापन सम्बन्धित जिल्ला पशु सेवा कार्यालय र जिल्ला तरल नाइट्रोजन आपूर्ति समन्वय समितिको समन्वयमा आपूर्तिको व्यवस्था गर्ने ।

५. **राष्ट्रिय पशु प्रजनन केन्द्रको जिम्मेवारी:**

१. कार्यक्रमको कार्यान्वयन र समग्र रुपमा संयोजनको जिम्मेवारी लिने ।

२. कार्यक्रम सफल पार्न आवश्यक पर्ने कृत्रिम गर्भाधान सामाग्रीहरु व्यवस्थापन गरी सम्बन्धित जिल्ला तथा प्रजनन् केन्द्रहरुलाई उपलब्ध गराउने ।

३. तोकिएको लक्ष्य पुरा गर्न आवश्यक मात्रामा चाहिने तरल नाइट्रोजन, सिमेन, नियमित रुपमा सर्वसुलभ आपूर्ति व्यवस्था मिलाउने ।

४. केन्द्रीय समन्वय समितिको निर्देशनानुसार सरकारी वा गैरसरकारी क्षेत्रबाट स्थापित तरल नाइट्रोजन प्लान्ट सञ्चालन, उत्पादन, वितरण आदि कार्यको टेन्डर, सम्झौता, बिक्री वितरण तथा तरल नाइट्रोजन आपूर्तिको व्यवस्थापनको सम्पूर्ण कार्य गर्ने ।

५. अपेक्षित उपलब्धि प्राप्तिका लागि जिल्ला पशु सेवा कार्यालय तथा केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र सो को प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

६. सरोकारवालाहरुलाई संलग्न गराई चौमासिक तथा वार्षिक रुपमा समिक्षा गोष्ठी गर्ने ।

७. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन संयोग गरि प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

६. **क्षेत्रीय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी:**

१. कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न केन्द्रीय समन्वय समितिमा भएको निर्णय अनुसार जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिई कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. जिल्लामा सञ्चालित कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३. कार्यक्रमको क्षेत्रगत रुपमा मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार पारी अनिवार्य रुपमा प्रत्येक महिनाको मसान्त भित्र पशु उत्पादन निर्देशनालमा प्राप्त हुने गरी पठाउने ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

८. **पशु उत्पादन निर्देशनालयको जिम्मेवारी:**

१. सहकार्यमा तरल नाईट्रोजन प्लान्ट सञ्चालन, उत्पादन तथा आपूर्ति व्यवस्थापन कार्यक्रम सञ्चालनको केन्द्रीय निकायको भूमिका निर्वाह गरी कार्यक्रमको संयोजन गर्ने राष्ट्रिय पशु प्रजनन् केन्द्रको कार्यप्रगति, समस्या, समस्या समाधानका लागि केन्द्रीयस्तरमा समन्वय र नियमन गर्ने कार्य गर्ने ।

२. कार्यक्रमको कार्यविधी र निर्देशिका तयार गरी स्विकृत गराउने र कार्यान्वयनमा ल्याउने ।

३. स्विकृत कार्यविधी र निर्देशिका अनुसार कार्यक्रम बजेट र अख्तियारी स्विकृत गराई सम्बन्धित कार्यालयहरुलाई पठाउने ।

४. कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने मेशीनरी औजार सामाग्रीहरु खरिद गरी वितरण गर्ने गराउने ।

५. कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरु संग समन्वय गर्ने ।

६. सन्चालित कार्यक्रमको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त निरिक्षण प्रतिवेदन अनुसार सम्बन्धित निकायहरुलाई समय मै सुधारको लागि पृष्ठपोषण गर्ने ।

७. कार्यक्रमको वार्षिक तथ्याङ्कहरु अध्यावधिक गरीसम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने गराउने ।

८. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण संयोग गरि हरेक महिनाको १ गते भित्र पशु सेवा विभागमा पुग्ने गरी पठाउने ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार